Training Bulletin

महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्जद्वारा प्रकाशित

# तालिम बुलेटिन

वर्ष : १ | अङ्क २ | २०७५ पुस/माघ महिना

## महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान तालिम सम्पन्न

मिति २०७५/०७/०७ गतेदेखि महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्जमा सञ्चालित १८ कार्यदिन अवधिको (आवासीय) महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान (जु.प्र.अ.) तालिम तेस्रो समूहको मिति २०७५/०७/३० गते महानगरीय प्रहरी कार्यालय रानीपोखरीका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । यस तालिममा प्र.ना.नि. ३ र प्र.स.नि. २७ गरी जम्मा ३० जना जुनियर प्रहरी अधिकृतको सहभागिता रहेको थियो । महिला तथा बालबालिकासँग सम्बन्धित क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीहरूलाई ज्ञान, सिप तथा कौशलले दीक्षित गराई उक्त क्षेत्रमा प्रभावकारी सेवा प्रदान गर्न सक्ने जनशक्तिको विकास गर्ने मुख्य लक्ष्यसहित प्रमुख अतिथिबाट प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरणको साथै कार्यक्षेत्रमा संवेदनशील भई पीडित बालबालिका तथा महिलाको पक्षमा र नागरिक मैत्री कार्य गर्न अमूल्य निर्देशन दिनुभएको थियो ।



तालिम सम्पन्न गरेका प्रशिक्षार्थीलाई प्रमाण पत्र वितरण गर्नुहुँदै प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्री ।

## अपराध अनुसन्धान तालिम सम्पन्न

मिति २०७५/०८/२९ गते अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ह/प्र.ज.) तालिम एघारौं समूहको यस शिक्षालयका समादेशक प्रहरी उपरीक्षक राजकुमार बैद्वारको प्रमुख आतिथ्यतामा समापन भयो । प्र.ह. एक, प्र.ज. उनन्तीस गरी जम्मा तीस जना सहभागी भएको सो तालिममा सहभागीमध्ये पाँच जना महिला प्रहरी रहेका थिए । पाँच चरणमा सञ्चालित उक्त तालिममा सैद्धान्तिक कक्षा अन्तर्गत ऐन नियम तथा प्रारम्भिक अनुसन्धान, विस्तृत अनुसन्धान, विधिविज्ञान र चिकित्साविज्ञान, विशेष प्रकृतिका अपराध अनुसन्धानसँग सम्बन्धित कक्षा तथा सोसँग सम्बन्धित व्यावहारिक अभ्यासका साथै हिरासत कक्ष, कारागार, विधिविज्ञान, पोस्टमार्टम लगायतको अवलोकन भ्रमण गरिएको थियो। प्रशिक्षणको क्रममा मिसिल तयारीको समेत अभ्यास गराइएको थियो । सहभागी प्रशिक्षार्थीहरुमध्ये २६ जना (क) र ४ जना (ख) श्रेणीमा उत्तीर्ण भएका थिए । यस तालिमको समापन कार्यक्रममा प्रमुख अतिथिले इमान्दार भएर कार्य क्षेत्रमा सिकेका सिपको सही उपयोग गरी दक्ष र व्यावसायिक प्रहरीको रूपमा समाजमा प्रस्तुत हुन निर्देशन दिनुभएको थियो ।



तालिम सम्पन्न गरेका प्रशिक्षार्थीलाई प्रमाण पत्र वितरण गर्नुहुँदै समादेशक

**हर प्रहर, गाउँ र नगरी, टोलटोलमा नेपाल प्रहरी ॥**

## प्रहरी सहायक निरीक्षक पदको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा सम्पन्न

नेपाल प्रहरीमा रिक्त रहेको प्रहरी सहायक निरीक्षक (जनपद) पदको खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्न प्रहरी प्रधान कार्यालय प्रशासन एवम् मानवस्रोत विभाग, भर्ना छनौट महाशाखाको मिति २०७५/०६/१५ गतेको विज्ञापन अनुसार मिति २०७५/०६/१८ गतेदेखि २०७५/०७/२९ गतेसम्म महानगरीय प्रहरी कार्यालय रानीपोखरी काठमाडौंमा जम्मा ५,२२१ दरखास्त दर्ता गराएका उम्मेदवारहरूमध्ये उपस्थित ४,०५२ को प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती (बाधापार) परीक्षा मिति २०७५/०८/१० गतेदेखि महानगरीय प्रहरी शिक्षालयमा सुरू भई मिति २०७५/०९/०३ गते समापन गरियो ।



प्र.स.नि. उम्मेदवारहरू प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती (बाधापार) परीक्षामा सहभागी हुँदै ।

## प्रहरी जवान पदको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा सम्पन्न

नेपाल प्रहरीमा रिक्त रहेको प्रहरी जवान (जनपद) पदको खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्न प्रहरी प्रधान कार्यालय प्रशासन तथा मानवस्रोत विभाग, भर्ना छनौट महाशाखाको मिति २०७५/०६/१५ गतेको विज्ञापन अनुसार मिति २०७५/०६/१८ गतेदेखि २०७५/०७/२९ सम्म देशभरि विभिन्न आठ जिल्लाहरूमा दरखास्त दर्ता गराएका ३,५०९ उम्मेदवारहरूमध्ये उपस्थित २,५२४ जनाको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती (बाधापार) परीक्षा मिति २०७५/०९/०५ गतेदेखि महानगरीय प्रहरी शिक्षालयमा सुरू भई मिति २०७५/०९/१८ गते समापन गरियो ।



उम्मेदवारहरू लामो दौड परीक्षाको तयारी गर्दै

## सुधारात्मक तालिम ३ चरणमा सम्पन्न

महानगरीय प्रहरी कार्यालयबाट प्रहरी काम कारवाहीमा तोकिएको मापदण्ड अनुसार काम कारवाही, आचरण र व्यवहारमा कमी भएका प्रहरी कर्मचारीहरूलाई दक्ष र व्यावसायिक रूपमा तयार गर्नको लागि महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्जमा तीन चरणमा सुधारात्मक तालिम सम्पन्न भएको छ। पाँच कार्यदिन अवधिको उक्त तालिमको प्रथम चरण मिति २०७५/०८/०९ गतेदेखि २०७५/०८/१४ गतेसम्म सञ्चालन भएको थियो। सो तालिममा प्र.ह. ६ प्र.ज. ५ सहित ११ जनाको सहभागिता रहेको थियो । त्यसै गरी मिति २०७५/०८/२३ गतेदेखि २०७५/०८/२७ गतेसम्म सञ्चालित दोस्रो चरणको तालिममा प्र.ह. ३ प्र.ज. १६ गरी १९ जनाको सहभागिता रहेको थियो। तालिमको तेस्रो चरण २०७५।०९।०१ देखि २०७५।०९।०५ गतेसम्म सञ्चालन भएको थियो । उक्त तालिममा प्र.ह. २ प्र.ज. १६ गरी जम्मा १८ जना सहभागी भएका थिए ।



## घुम्ती प्रशिक्षणको अनुगमन


मिति २०७५/०८/०२ देखि २०७५/०९/३०सम्म महानगरीय प्रहरी परिसर काठमाडौं, ललितपुर, भक्तपुर, महानगरीय सशस्त्र प्रहरी गण, महाराजगञ्ज र महानगरीय दङ्गा नियन्त्रण प्रहरी गण, त्रिपुरेश्वरमा सञ्चालित प्रह/प्रज लक्षित अपराध अनुसन्धान तथा नियन्त्रण विशेष अनुशिक्षण, भिड नियन्त्रण विशेष अनुशिक्षण, नागरिक मैत्री सेवा र मानव अधिकार विशेष अनुशिक्षणसम्बन्धी तालिममा प्रह ११३ प्रज ६९४ गरी जम्मा ८०७ जनालाई प्रशिक्षण प्रदान गरिएको थियो । उक्त प्रशिक्षण प्रदान गरिएका स्थानहरूमा यस महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्जबाट अनुगमन गरी महानगरीय प्रहरी कार्यालय रानीपोखरीमा प्रतिवेदन पेश गरिएको थियो ।



महानगरीय प्रहरी परिसर काठमाडौंद्वारा सञ्चालित घुम्ती प्रशिक्षणको अनुगमन गर्नुहुँदै महानगरीय प्रहरी शिक्षालयका समादेशक प्रहरी उपरिक्षक राजकुमार बैद्वार

## तालिम बुलेटिन बिमोचन

मिति २०७५/०७/३० गते महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान तालिमको समापन कार्यक्रमको अवसरमा यस महानगरीय प्रहरी शिक्षालयद्वारा प्रकाशन गरिएको प्रथम 'तालिम बुलेटिन' महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायव महानिरिक्षक शैलेश थापा क्षेत्रीले विमोचन गर्नु भयो । साथै शिक्षालयबाट प्रशिक्षण विधिमा भएका नवीनतम् प्रयासहरू सराहनीय भएको र यसबाट प्रशिक्षण कार्यमा भएका ज्ञान आदानप्रदान गर्न सहयोग गर्ने कुरा व्यक्त गर्नु भयो । उक्त बुलेटिनमा शिक्षालयमा भएका प्रशिक्षण र अन्य गतिविधि समेट्ने तथा प्रशिक्षक प्रशिक्षार्थीहरूबाट प्राप्त लेख रचनासमेत समावेश गरी प्रकाशन गर्ने कुरा प्रहरी उपरीक्षक राजकुमार बैद्वारले जानकारी गराउनु भयो ।



बुलेटिन बिमोचन गर्नुहुँदै प्र.ना.म.नि. शैलेश थापा क्षेत्री

## शिक्षालय निरीक्षण तथा भवन उद्घाटन

मिति २०७५/०८/१९ गते महानगरीय प्रहरी कार्यालय रानीपोखरीका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्रीले महानगरीय प्रहरी शिक्षालय महाराजगञ्जको कार्यालय निरीक्षण गर्नु हुँदै प्रहरी अधिकृत तथा जवानहरूलाई कर्तव्यनिष्ट भई तोकिएको जिम्मेवारी वहन गरी व्यावहारीक प्रहरी हुन निर्देशन दिनु भयो । उक्त अवसरमा यस शिक्षालयमा नवनिर्मित एक कोठे भवनको प्रहरी नायव महानिरीक्षक शैलेश थापा क्षेत्रीबाट समुद्घाटन कार्य सम्पन्न भयो। प्रहरी प्रधान कार्यालयबाट निकाशा गरिएको करिब पाँच लाख लागतमा निर्मित उक्त भवन यस महानगरीय प्रहरी शिक्षालयको कार्यालय प्रयोजनको लागि प्रयोग गरिने कुरा समादेशक प्रहरी उपरीक्षक राजकुमार बैद्वारले जानकारी दिनुभयो।



भवन उद्घाटन गर्नुहुँदै प्र.ना.म.नि शैलेश थापा क्षेत्री

**हामी नेपाल प्रहरीको हुन्छ एकै सार, चौबीस घण्टा सुरक्षामा रहन्छौं तयार ॥**

## भिड नियन्त्रण तालिम उद्घाटन

भिड नियन्त्रण (जु.प्र.अ./प्र.ह./प्र.ज) बाह्रौं समुहको मिति २०७५/०९/१९ गते १८(अठार) कार्यदिन अवधिको (आवासिय) तालिम यस महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्जका सह-समादेशक प्रहरी नायव उपरीक्षक सुर्य बहादुर खड्काले उद्घाटन गर्नु भयो । यस तालिममा प्र.ना.नि. १, प्र.स.नि ७, प्र.ह. २३, प्र.ज. १९ गरी जम्मा ५० जना प्रशिक्षार्थीहरू सहभागी रहेका छन्



भिड नियन्त्रण तालिम उद्घाटन गर्नुहुँदै सह-समादेशक

## सुधारात्मक तालिम सम्पन्न

मिति २०७५/०९/२२ गते महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्जमा सञ्चालित ५ (पाँच) कार्यदिन अवधिको (आवासिय) सुधारात्मक तालिम तालिम चौथो समूहको मिति २०७५/०९/२६ गते महानगरीय प्रहरी शिक्षालयका समादेशक प्रहरी उपरीक्षक राजकुमार बैद्वारले सम्पन्न गर्नु भयो । यस तालिममा महानगरीय प्रहरी कार्यालय अन्तर्गत कार्यरत प्र.ह. ३ प्र.ज. ११ गरी जम्मा १४ जना प्रहरी कर्मचारी सहभागी रहेका थिए । यस तालिमलाई व्यवस्थित रुपमा संचालन गर्न बाह्यतर्फ प्राथमिक कवाज, टोली कवाज, छडी कवाज, सशस्त्र कवाज तथा भिड नियन्त्रण सम्बन्धी प्रशिक्षण र आन्तरिकतर्फ प्रहरी आचारण र व्यवहार, तनाव व्यवस्थापन, मुलुकी अपराध संहिता २०७४, प्रहरी कार्य र मानव अधिकार, सामुदाय प्रहरी साझेदारी सम्बन्धी प्रशिक्षण प्रदान गरिएको थियो ।

## महानगरीय प्रहरी शिक्षालयको नवीनतम् प्रशिक्षण प्रणाली र यसको प्रभावकारीता

नेपाल प्रहरीको आधारभुत तथा उन्नत तालिम प्रदायक संस्थाहरूमा तालिम प्रदान गर्दा अपनाउँदै आइएको प्रशिक्षण विधिमा समयानुकुल परिमार्जन गरी नवीनतम् प्रशिक्षण विधि अपनाउनको लागि महानगरीय प्रहरी शिक्षालयले तालिमसँग सम्बन्धित सरोकारवाला निकाय, प्रशिक्षक वर्ग, प्रशिक्षार्थीहरू, विषय विशेषज्ञ लगायतसँग छलफल तथा अन्तरक्रिया गरी प्रशिक्षण क्रियाकलापलाई समय सान्दर्भिक, सरल, सहज, परिणाममुखी तथा वैज्ञानिक बनाउनको लागि तपशिल बमोजिम ५ विधिहरू अपनाइएको छ ।

१. प्रशिक्षण गरिने पाठ्यक्रम तालिम अगावै प्रशिक्षार्थीहरूलाई पठाउने व्यवस्था,
२. प्रशिक्षार्थी तालिममा समावेश हुनुपुर्व कार्यक्षेत्रमा आधारित रहेर तयार गर्ने प्रश्नावली पठाउने व्यवस्था,
३. प्रशिक्षार्थीको तनाव, उत्प्रेरणा, कार्यशैली र मनोविज्ञान पहिचान र व्यवस्थापन,
४. प्रशिक्षण पश्चात दिइने ह्याण्डसआउटमा सम्भावित पाँच वटा प्रश्नावली समेत समावेश गराइने व्यवस्था,
५. आन्तरिक प्रशिक्षकले प्रशिक्षण पुर्व सम्बन्धित विषयवस्तु सम्बन्धमा अन्य प्रशिक्षकसमक्ष संक्षिप्त प्रस्तुति गर्ने व्यवस्था ।

उल्लेखित विधिहरूको प्रयोगबाट प्रशिक्षार्थीहरूमा विषयवस्तुको पुर्व ज्ञान हाँसिल हुनुका साथै कार्यक्षेत्रमा सम्बन्धित विषयको बारेमा प्रशिक्षार्थीहरूबाट पुर्व अध्ययन गर्ने तथा तालिममा सहभागी हुनु पुर्व निजको मनोविज्ञान अध्ययन गरी क्षमताको स्तर समेतको मुल्याङ्कन गरिँदा सिकाई प्रक्रियामा प्रभावकारिता बढेको पाईएको छ । साथै प्रशिक्षकको प्रस्तुति शैली तथा ज्ञान समेतको आवश्यक मुल्याङ्कन हुँदा अन्य प्रशिक्षकहरूमा समेत सकारात्मक प्रभाव पर्न गएको छ ।

**प्रकाशक :- महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्ज**
**सम्पर्क नं. :- ०१-४००३०५०**
E-mail :- metro_school@nepalpolice.gov.np
Facebook ID :- FacebookMetropolicetrainingschool

**राष्ट्र गौरव शान हाम्रो समाज कर्म थलो, नागरिक प्रहरी मिलि गरौं देशको भलो ॥**